# गरीबी निवारणको लागि मर्यादित काम

● विष्णु रिमाल

अहिले राष्ट्रिय योजना आयोग नेपालको १० औं पञ्चवर्षीय योजनाको तयारीमा जुटेको छ। आयोगले प्रस्तावित योजनालाई गरीबी घटाउने रणनीतिक पत्र ( पभर्टी रिडक्सन स्ट्राटेजी पेपर) भनेको छ। भरखरै नेपालका सहयोगी दातृ राष्ट्रहरूको समूह नेपाल विकास मञ्चको बैठक पनि यसै परिप्रेक्षमा सम्पन्न भइसकेको छ। दाता राष्ट्रहरूले नेपालमा सुशासन भए वर्षेनी ५० करोड डलर सहयोग गर्ने वचन समेत व्यक्त गरेका छन्।

विगतका योजना निर्माणमा भन्दा यो पटक योजना आयोगले समाजका विभिन्न पक्षलाई योजना तर्जुमा प्रक्रियामा संलग्न गर्ने प्रयत्न गरेको छ। 'अन्तरिम गरीबी घटाउने रणनीतिक पत्र' अर्थात् आई-पी आर एस पी नामक दस्तावेजलाई दातृ संस्था र सम्बद्ध नेपाली संस्था र व्यक्तिहरू बीच वितरण गरी यो कार्य शुरू भयो। यो प्रक्रियाले धेरै चरण पुरा गरी सकेको छ। नेपाल ट्रेड यूनियन महासंघ पनि यो प्रक्रियामा शुरूवात देखि नै संलग्न छ।

### आई–पी आर एस पी र जिफन्टको सुझाव

नेपालको सरोकारवाला निकायहरूले तयार गरेको नीति दस्तावेजहरूमा प्राय: समस्या रहँदैन। मुख्य समस्या भनेको तिनको व्यवहारिक कार्यान्वयन हो। त्यसैले आई-पी आर एस पी मा उल्लेखित कुरामा टिप्पणी नगरी जिफन्टको तर्फबाट थप गर्न निम्न बुँदाहरू सुझावको रूपमा अघि सारियो।

१. उपयुक्त ज्याला प्रणालीको विकास गर्ने। यसको लागि न्यूनतम ज्याला '८ घन्टा' काम तथा बाँच्न पुग्ने खर्चको आधारमा तोक्ने, उपयुक्त ज्याला मात्र उत्पादकत्व र कार्य क्षमतासंग जोड्ने। अन्य सुविधाहरू (फ्रीन्ज वेनेफिट) भने उद्योगको तिर्ने क्षमताको आधारमा दिने।

न्यूनतम ज्याला निर्धारण समिति त्रिपक्षीय र स्थायी प्रकृतिको बन्नुपर्छ। बाँच्न पुग्ने ज्याला (लिभिङ वेज) प्राप्त गर्ने दिशामा ज्याला सूचीकरणमा आधारित हुँदै महंगीको आधारमा ज्याला समायोजन गर्ने नीति अपनाउने।

२. प्रभावकारी भूमिसुधार कार्यक्रम अन्तर्गत भूमिहीन ग्रामीण तथा कृषि मजदुरहरूको हितमा कार्य अघि बढाउने। त्यसको लागि भूमिको द्वैध स्वामित्व अन्त्य गर्ने, हदबन्दी घटाउने, सहकारी कृषि फर्म र नगदे बालीको बगान विकास गर्ने।

३. श्रम कानूनहरूको प्रभावकारी कार्यान्वयनको लागि श्रम प्रशासनलाई सुदृढ गर्ने, प्रतिष्ठानहरूमा श्रम सम्बन्ध समिति गठन गर्ने, केन्द्रीय श्रम सल्लाहकार समितिको स्थायी सचिवालय गठन गरी निरन्तर अनुगमन गर्ने।

४. सामाजिक सुरक्षा प्रणाली स्थापना गरी श्रमिक, व्यवस्थापन र सरकार तीनै पक्षको संलग्नतामा विभिन्न कार्यक्रम लागू गर्ने, औपचारिक क्षेत्रमा भएको सुविधा सुदृढ गर्ने र अनौपचारिक क्षेत्रमा चरणबद्ध रूपमा कार्यक्रम लागू गर्ने। उदाहरणको लागि- पहिलो स्वास्थ्य-सुरक्षाको व्यवस्था, दोस्रो संचयकोष, उपदान-पेन्सन जस्ता विषय र तेस्रोमा बेरोजगारी भत्तासम्म सोच्न सकिने।

५. उत्पादकत्व, आय आर्जन र तालिमलाई उत्तिकै महत्त्व दिएर अघि बढाउने।

६. वैदेशिक रोजगारीलाई उच्च स्थान दिने, नेपालको बेरोजगारी स्थितिलाई हेरी नेपाललाई जगेडा श्रमिक भएको देश स्वीकार गरी विदेशमा काम गर्नेको हक-हितका लागि राजकीय निकायबाट कुटनैतिक सुरक्षा प्रदान गर्ने, विदेशी (भारतीय) मजदुरको चापबाट नेपाललाई मुक्त राख्ने।

७. श्रम बजारमा विद्यमान अन्यायपूर्ण श्रम अभ्यासको अन्त्य गरिनु पर्ने।

८. व्यवसायजन्य सुरक्षा र स्वास्थ्यमा ध्यान दिनु पर्ने र श्रमिकको कार्यथलोको सुरक्षा बारे सचेत रहने।

९. श्रम बजार सूचना प्रणालीको स्थापना र सुदृढ गर्ने र यसको लागि स्थानीय तहबाटै कृषि र अनौपचारिक क्षेत्रका श्रमिकहरूको पनि दर्ता प्रणाली शुरू गर्ने।

**आइएलओको संलग्नता**

यो प्रक्रियामा संयुक्त राष्ट्रसंघका विभिन्न एजेन्सीका अतिरिक्त अन्तरराष्ट्रिय श्रम संगठन पनि संलग्न भयो। आइएलओले सरकार, उद्योगी र ट्रेड यूनियन तीनै पक्षको भावनालाई सन्तुलित ढंगले प्रस्तुत गर्ने उद्देश्यअनुरूप राष्ट्रिय र अन्तरराष्ट्रिय विशेषज्ञहरूलाई संलग्न गऱ्यो। 'गरीबी घटाउने रणनीतिक पत्र - नेपालको दशौं योजना प्रक्रियामा आइएलओको सुझाव' को रूपमा विशेषज्ञद्वारा आइएलओले तयार पारेको दस्तावेजको नाम 'गरीबी घटाउनको लागि मर्यादित काम' दिइएको छ। गत

माघ १२ गते विविध पक्षहरू बीच छलफल र अन्तरक्रियाको लागि प्रस्तुत गरिएको त्यो दस्तावेजमा ३० बुँदे नीतिगत सुझाव दिइएको छ।

गरीबी घटाउन मुख्य कुरा रोजगारी चाहिन्छ तर रोजगारीको लागि मुख्यरूपमा आधारभूत अधिकारको संरचना, गरीबी निवारण तथा रोजगारी अभिवृद्धिका लागि सामाजिक सुरक्षा, साझा चासोका विषयमा सामाजिक संवाद र रोजगारीका लागि उपयुक्त आर्थिक वातावरण हुनु पर्छ। पहिलो नीतिगत सुझावको रूपमा कृषि उत्पादनमा अनुदान दिनुपर्ने उल्लेख छ। यो सुझाव जनताका लागि प्रिय र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूलाई अप्रिय हुनसक्छ। केही प्रमुख सुझावहरू निम्न अनुसार छन् -

- निजी तथा सार्वजनिक लगानीलाई रोजगारी सृजना गर्ने क्षेत्रमा सोझ्याउनु पर्छ। तर, आवश्यक उत्पादकत्व समाप्त पार्ने वा गाउँबाट शहर ओइरिने कार्य हुनुहुन्न।
- स्थानीय तहमा गरीबी निवारण कोष खडा गर्ने र सबै सार्वजनिक खर्चका योजनाहरूमा उपयुक्त श्रम आधारित विधि अपनाउनु पर्छ।
- कामको आधारभूत अधिकारको सम्मान गर्ने र व्यापक रोजगारीलाई आधारभूत संरचनाका परियोजना संचालन गर्ने आधार बनाउनु पर्छ।
- श्रम आधारित संरचनामा परियोजनामार्फत काम बाहेक सामाजिक पूँजी निर्माणका तत्त्वहरूलाई संलग्न गरिनु पर्छ।
- लघु उद्योगको विकासको योजना बनाइनु पर्छ। साना तथा मझौला उद्योगहरू व्यवस्थित गर्न वातावरण तयार गर्ने प्रक्रियाबाट काम थाल्ने र यसले महिला उद्यमीलाई कस्तो प्रभाव पार्छ हेरिनुपर्छ।
- निजीकरण ! गरे हुन्छ। तर पहिले सार्वजनिक संस्थानहरू व्यवसायिक व्यवस्थापन मार्फत चलाएर हेर्नुपर्छ त्यसबाट मजदुर र उद्योगीहरूका संगठनहरूको पूर्ण सहभागितामा भविष्यको योजना बनाउनुपर्छ। तर, जन उपयोगका संस्थानहरूलाई निजीकरण होइन पुनर्संरचना गरेर चलाउनु राम्रो हुन्छ।
- ग्रामीण गैर-कृषि क्षेत्र, महिला, शिक्षित वेरोजगार र स्वदेश फर्किएका प्रवासीहरू जस्ता खास समूहलाई लक्ष्य गरेर उद्योग विकासको कामहरू गर्नु पर्छ। किनकि, हरेक समूहको फरक-फरक आवश्यकता र क्षमता हुन्छ।

- आवश्यकता मूल्यांकन गर्न र कामको संयोजन गर्न श्रम बजार सूचना प्रणालीको लागि अहिलेदेखि नै काम थालौं। आइएलओ/यूएनडीपी सहयोगको लागि तयार छ।

- राज्य, व्यवस्थापन र मजदुर सबैलाई तालिम चाहिन्छ भन्ने सोचमा काम थालौं। विश्वमा त्रिपक्षीय संलग्नतामा तालिम प्रभावकारी भएको छ। त्यसैले तालिमको लागि त्रिपक्षीय संयन्त्र स्थापना गर्नुपर्छ। यसलाई विकेन्द्रित गर्नु पर्छ।

- स्थानीय तहमा संवाद कायम गर्दै कमैयालाई जमिन बाडौं। न्यूनतम ज्याला दिन र बालश्रम निर्मूलन गर्न लागौं। स्थानीय सामाजिक सहयोगीहरूलाई परिचालन गरी अनौपचारिक क्षेत्रमा पनि श्रम निरिक्षण प्रणाली विस्तार गरौं।

- समयबद्ध कार्यक्रममा उल्लेख भए झैं कठिन अवस्थामा रहेका बालश्रम निर्मूलनको गुरु योजना बनाउनु पर्छ।

- जेण्डर विभेद अन्त्य गर्न श्रम कानूनमा जेन्डर दृष्टिकोणबाट सुधार गर्नु पर्छ।

- प्राविधिक सहयोग र व्यापक अभ्यासमा सामाजिक सुरक्षा ऐन, उद्योग वाणिज्य महासंघ र ट्रेड यूनियनहरूको सहमतिमा तयार गर्नु पर्छ।

- स्वास्थ्य, जीवन बीमा, मातृत्व संरक्षण, पशु बीमा जस्ता क्षेत्रमा सामाजिक संरक्षण दिने गरी गरीब र उपेक्षितहरूलाई समेट्ने राष्ट्रिय रणनीति बनाउनु पर्छ।

- आइएलओको सहयोगमा श्रम कानून सुधार, ज्याला नीति र तालिमको सन्दर्भमा सरकार र सामाजिक सहयात्री बीच संवाद जारी गरी सुझाव तयार गर्नु पर्छ।

- पहिलेदेखि रहेका श्रम सम्बन्धी त्रिपक्षीय मञ्चहरूलाई पुनः सक्रिय गर्नुपर्छ। असल नियतले त्रिपक्षीय संवाद गर्न सक्ने तुल्याउन सम्बद्ध पक्षको क्षमता वृद्धि गर्न आइएलओको सहयोग लिन सकिन्छ।

- एकचोटी छलफल गरेर मात्र यो प्रक्रियालाई रोक्नु हुन्न। आर्थिक र सामाजिक नीतिका पक्षमा निरन्तर सम्बाद र सहमति चाहिन्छ।

- हाल असंगठित रहेका क्षेत्रमा मजदुर र उद्योगीहरूका संगठन विकास गर्नु पर्छ। ट्रेड यूनियन, उद्योग बाणिज्य महासंघ र सरकार समेतले सामूहिक सौदावाजीको उत्तम प्रक्रिया अपनाउनु पर्छ र सहयोगात्मक श्रम व्यवस्थापन सम्बन्ध विकास गर्नु पर्छ।

श्रमिक खवर, संख्या ६९, फागुन २०५८